नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी)द्वारा प्रकाशित

# NMC बुलेटिन

मासिक वर्ष : ४ ।। अंक : १ ।। २०७९ बैशाख



सहकारी बचतको उत्पादनशील परिचालन

- पृष्ठ २

# एनएमसीले मनायो एकैपटक ५१ स्थानमा स्थापना दिवस





**झापा** । नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी) झापाले आफ्नो २९औँ स्थापना दिवस कार्यक्षेत्र भित्रका ५१ स्थानमा एकैपटक मनाएको छ ।

२०५० साल फागुन २४ गते संस्था दर्ता भई कारोबार सुरु गरेको एनएमसीले झापा, इलाम र मोरङमा रहेका ४८ वटा वित्तीय कारोबार गर्ने सेवा केन्द्र कार्यालय र तीनवटा व्यवसायिक प्रतिष्ठानमा फागुन २४ गते मंगलबार एकसाथ स्थापना दिवस मनाएको हो ।

एनएमसीमा वित्तीय कारोबार गर्ने सेवा केन्द्र ४८ वटा रहेका छन् भने एनएमसी डेरी उद्योग, एकीकृत नमूना कृषि फर्म र एनएमसी चिया उद्योगमा गरी ५१ स्थानमा मंगलबार एकै समयमा एउटै शैलीको कार्यक्रम गरिएको हो ।

स्थापना दिवसका अवसरमा संस्थाको समग्र अवस्थाका बारेमा केन्द्रीय प्रतिनिधिहरुले चर्चा गरेका थिए भने सहभागी अधिकांशले आफू एनएमसीमा आवद्ध भएदेखि हालसम्म संगालेको अनुभवहरु साटासाट गरेका थिए । कतिपय कार्यालयहरुमा मन्तब्यका साथै सदस्य तथा कर्मचारीहरुले गीत, गजल, कविता, नृत्य आदि प्रस्तुत गरेर समारोहलाई थप रोचक बनाएका थिए । वार्षिकोत्सव कार्यक्रममा प्रतिनिधित्व गर्ने केन्द्रीय प्रतिनिधिहरुले संस्थाको कार्यक्षेत्र विस्तारका बारेमा जानकारी दिँदै तीनवटा जिल्लाका छिमेकी पालिकाहरुमा क्रमशः कार्यालय थप्दै लैजाने नीति रहेको जनाएका थिए ।

संस्थामा अहिले एक लाख २० हजार भन्दा बढी शेयर सदस्य पुर्याइएको तथा एक अर्ब २८ करोड रुपैयाँ शेयर पुँजी रहेको जनाउँदै सबै कार्यक्रमका केन्द्रीय प्रतिनिधिहरुले चालू आर्थिक वर्षको बितेको ७ महिनामा १४ करोड रुपैयाँभन्दा माथि मुनाफा गरिएको जानकारी गराए ।

स्थापनाकालदेखि लगातार नाफामा रहेको एनएमसीले सदस्यहरुमाझ १० अर्ब ५० करोड रुपैयाँ लगानी गरेको जनाइएको छ । संस्थाले अवलम्बन गरेको असल संस्कार र समृद्धिका लागि एनएमसी भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्न नमस्ते अभियान, सामाजिक योगदानमा मेरो एक रुपैयाँ, मानिसको जन्मदेखि मृत्युसम्मका हरेक कर्ममा संस्थाका साथ र सहयोग पुर्याउँदै आएको छ ।

वित्तीय बजारमा विद्यमान तरलता संकटका कारण कर्जा लगानीमा असहजता भइरहे पनि यो लामो अवधि नजानेमा केन्द्रीय प्रतिनिधिहरु ढुक्क थिए । संस्थाले निक्षेप कारोबारमा कुनै अप्ठ्यारो आउन नदिन कर्जामा केही संकुचन गरिएको उनीहरुको भनाई छ ।

एनएमसीले विगत ६ वर्षदेखि आफ्नै उद्योगबाट दूध तथा दूधजन्य पदार्थहरु प्रशोधन गरी बिक्री गर्दै आएको छ । दैनिक १५ हजार लिटर कच्चा दूध संकलन गरी दूधजन्य बस्तुहरु उत्पादन गर्न थालेको ५ वर्षपछि गतसालमा डेरी उद्योग नाफामा गएको जनाइएको छ ।

एनएमसीले नमूना कषि फार्म, सहकारी पसल र चिया उद्योग आदि गैर वित्तीय कारोबार गरेर सदस्यमाझ गुणस्तरीय उपभोग्य वस्तुहरु प्रदान गरिरहेको छ ।

# सुपरसिक्सको उपाधि संयुक्त टोलीलाई

**झापा** । एनएमसी सुपरसिक्स क्रिकेट प्रतियोगिताको उपाधि एनएमसी डेरी, एकीकृत नमुना कृषि फर्म र चिया व्यवसायको संयुक्त टोलीले जितेको छ । सुरुंगास्थित कनकाई माविको खेल मैदानमा सम्पन्न प्रतियोगिताको फाइनलमा कर्पोरेट तथा वित्तीय व्यवसायको संयुक्त टोलीलाई पराजित गर्दै उसले उपाधि जितेको हो ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) अन्तर्गतको विषयगत उपसमिति खेलकुद उपसमितिको आयोजनामा सम्पन्न प्रतियोगितामा ८ वटा टोलीको सहभागिता रहेको



थियो । उपाधिका साथ विजयी टोलीले १५ हजार र उपविजेता टोलीले १० हजार नगद समेत हात पारेका थिए ।

प्रतियोगिताको उद्धाटन सत्रमा प्रमुख अतिथिको रुपमा बोल्दै कनकाई नगरपालिकाका नगर प्रमुख राजेन्द्र पोखरेलले एनएमसीले व्यवसाय विस्तार का साथै सामाजिक उत्तरदायित्वतर्फ गरेको यसप्रकारका कार्यहरुले समाजमा अलग्गै छाप छोड्न सफल भएको बताउनुभयो ।

उद्घाटन सत्रमा कनकाइ नगरपालिका वडा नं. ३ का वडाध्यक्ष रुद्र प्रसाद चिमरिया, संस्था सञ्चालक समिति सदस्य सावित्रा दाहाल भट्टराई, प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीलगायतले बोल्नुभएको थियो ।

प्रतियोगितामा बेस्ट बलर जीवन निरौला, बेस्ट ब्याट्समयान सन्दिप बस्नेत तथा प्रतियोगिताकै उत्कृष्ट खेलाडी सुबोध बुढाथोकी घोषित भए । खेलकुद उपसमिति संयोजक हरिप्रसाद तिम्सिनाको अध्यक्षमा सम्पन्न भएको कार्यक्रमको सञ्चालन सामुदायिक विभाग प्रमुख हिरन कट्टेलले गर्नुभएको थियो भने कार्यक्रममा उपस्थितलाई खेलकुद उपसमिति सदस्य प्रविण थापाले शाब्दिक स्वागत गर्नुभएको थियो ।



# कार्यालय तथा सफाई सहयोगीहरुलाई उत्प्रेरणामूलक कार्यक्रम सम्पन्न

**झापा** । नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) को विषयगत उपसमिति शिक्षा तथा तालिम उपसमितिको आयोजनामा दुई स्थानमा कार्यालय सहयोगी तथा सफाई सहयोगी उत्प्रेरणामुलक कार्यक्रम सम्पन्न भएको छ । असल संस्कार र समृद्धिको लागि एनएमसी, सकरात्मक सोच र कार्यालय सहयोगी तथा सफाई सहयोगीहरुको काम, कर्तव्य र अधिकारको विषयमा कार्यक्रममा सहजिकरण गरिएको थियो । मेची क्षेत्र अन्तर्गतका कार्यालय तथा व्यवसायमा कार्यरत कर्मचारीहरुलाई एकीकृत नमुना कृषि फर्ममा साथै बिर्ता अर्जुन, भद्रपुर केचना र कनकाई रुतुवा क्षेत्र अन्तर्गतका कर्मचारीहरुलाई एनएमसी बिर्तामोड सेवा केन्द्रमा सम्पन्न भएको कार्यक्रममा सहभागिता गराइएको थियो । कार्यक्रममा १०० जना भन्दा बढीको उपस्थिति रहेको थियो ।








असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

## NMC-COOP

प्रधान कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

मासिक विवरण २०७९ बैशाख

## वित्तीय विवरण

### पुँजी, दायित्व तथा आम्दानी

| क्र.सं | विवरण | २०७८ चैतसम्मको | २०७९ बैशाखसम्मको |
|---|---|---|---|
| १ | चुक्ता सेयर पुँजी | 1,29,90,70,500 | 1,31,44,79,500 |
| २ | साधारण जगेडा कोष | 65,99,22,600 | 65,99,22,600 |
| ३ | अन्य कोषहरु | 28,00,94,137 | 27,81,61,910 |
| ४ | कर्जा तथा सापटी | 81,25,10,344 | 80,76,03,857 |
| ५ | निक्षेप तथा बचत | 8,70,34,59,898 | 8,63,29,37,503 |
| ६ | अन्य दायित्व | 34,65,47,621 | 37,90,56,510 |
| ७ | आम्दानी | 98,62,51,108 | 1,09,59,61,640 |
| जम्मा | | 13,08,78,56,208 | 13,16,81,23,520 |

### सम्पत्ति, जायदात तथा खर्च

| क्र.सं | विवरण | २०७८ चैतसम्मको | २०७९ बैशाखसम्मको |
|---|---|---|---|
| १ | नगद मौज्दात | 17,78,69,990 | 18,81,15,349 |
| २ | बैंक मौज्दात | 71,39,81,237 | 73,63,86,211 |
| ३ | सेयरमा लगानी | 1,17,68,500 | 1,17,10,500 |
| ४ | व्यवसायमा लगानी | | |
| | १) डेरी व्यवसाय | 15,10,54,155 | 15,10,54,155 |
| | २) नमुना कृषि परियोजना | 17,99,74,145 | 18,19,74,145 |
| | ३) सहकारी पसल | 16,67,65,000 | 16,67,65,000 |
| | ४) चिया व्यवसाय | 4,57,36,477 | 4,60,73,151 |
| ५ | कर्जा लगानी | 10,51,39,58,447 | 10,44,13,70,279 |
| ६ | स्थीर सम्पत्ति | 3,04,77,78,42 | 30,77,36,826 |
| ७ | अन्य सम्पत्ति | 16,32,93,04 | 1,85,37,118 |
| ८ | पाउनु पर्ने हिसाब | 4,03,47,418 | 6,36,25,540 |
| ९ | खर्च | 76,52,93,693 | 85,47,75,246 |
| जम्मा | | 13,08,78,56,208 | 13,16,81,23,520 |

### निक्षेप तथा कर्जाको ब्याजदर

| क्र.सं. | निक्षेप तर्फ | | क्र.सं. | कर्जा तर्फ | |
|---|---|---|---|---|---|
| | शीषक | ब्याजदर | | शीर्षक | ब्याजदर |
| १ | साधारण बचत | 7Ü | १ | साना व्यावसायिक कर्जा | 13Ü |
| २ | संस्थागत बचत | 7Ü | २ | सवारी साधन खरिद कर्जा | 13Ü |
| ३ | सुपर सेभिङ | 7Ü | ३ | व्यक्तिगत कर्जा | 14.25Ü |
| ४ | महिला बचत | 7.7Ü | ४ | घर जग्गा कर्जा | 14Ü |
| ५ | जेष्ठ नागरिक बचत | 6Ü | ५ | सामूहिक जमानत कर्जा | 14Ü |
| ६ | शिक्षक तथा कर्मचारी | 7Ü | ६ | शैक्षिक कर्जा | 14Ü |
| ७ | अक्षय कोष मुद्दती | 11Ü | ७ | कृषि तथा पशुपालन कर्जा | 13Ü |
| ८ | बाल बचत | 10Ü | ८ | विपन्न वर्ग कर्जा | 13Ü |
| ९ | सञ्चय कोष बचत | 9Ü | ९ | आवधिक कर्जा | 13.75Ü |
| १० | विद्यार्थी बचत | 10Ü | १० | पशुधन कर्जा | 12Ü |
| ११ | वैदेशिक रोजगार बचत | 6Ü | ११ | निक्षेप धितो कर्जा | +2Ü |
| १२ | १ वर्षे मुद्दती | 8Ü | १२ | व्यावसायिक कर्जा | 13.5Ü |
| १३ | २ वर्षे मुद्दती | 9Ü | १३ | एन.एम.सी सुलभ कर्जा | 9.90Ü |
| १४ | ३ वर्षे मुद्दती | 10Ü | १४ | पेशागत कर्जा | 14Ü |
| १५ | १०० दिने विशेष मुद्दती | 9.66Ü | | | |
| १६ | ३ महिने मुद्दती (१-५) लाख | 10.5Ü | | | |
| १७ | ३ महिने मुद्दती (५ लाख बढी) | 11Ü | | | |

### तालिम तथा सदस्य शिक्षा कार्यक्रम

| क्र.सं. | विवरण | आ.व २०७७/७८ | २०७९ बैशाखमा | २०७८/७९ बैशाख सम्मको |
|---|---|---|---|---|
| १ | कार्यक्रम संख्या | 78 | 31 | 429 |
| २ | सहभागी संख्या | 7,775 | 662 | 16,145 |

### सदस्य सम्बन्धी विवरण

| २०७८ चैतसम्मको | २०७९ बैशाखको खुद वृद्धि | २०७९ बैशाखसम्मको | महिला सदस्य प्रतिशत |
|---|---|---|---|
| 1,23,396 | 1,738 | 1,25,134 | 52 .96 |

### सदस्य राहत रकम वितरण

| क्र.सं. | विवरण | आ.व २०७७/७८ | २०७८ माघमा | २०७८/७९ माघसम्मको |
|---|---|---|---|---|
| १ | मृत्यु राहत | 2,00,05,000 | @!,%),))) | 3,13,95,000 |
| २ | उपचार तथा अन्य राहत | 44,42,000 | 3,00,000 | 26,45,000 |
| | जम्मा | 2,44,47,000 | 24,50,000 | 3,40,40,000 |

### व्यवसाय विवरण

| क्र.सं. | व्यवसाय | कार्यालय | | कर्मचारी |
|---|---|---|---|---|
| १ | कर्पोरेट | कार्यालय | १ | 34 |
| २ | वित्तिय व्यवसाय | कार्यालय | ५४ | 714 |
| | | एकाइ | २८५ | - |
| ३ | डेरी व्यवसाय | उद्योग | १ | 78 |
| | | चिस्यान केन्द्र | ४० | - |
| | | बिक्रेता सङ्ख्या | ५०० | - |
| | | आवद्ध किसान सङ्ख्या | ५००० | - |
| ४ | नमुना कृषि परियोजना | कृषि फर्म | १ | 53 |
| ५ | सहकारी पसल व्यवसाय | पसल | १३ | 97 |
| ६ | चिया प्रशोधन उद्योग | उद्योग | ४ | 16 |

### कर्पोरेट कार्यालय

नेपाल बहुउद्देशीय सहकारी संस्था लि. (एनएमसी) द्वारा प्रकाशित तथा राजु प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित ■ सम्पादन कार्यालय : मेचीनगर-६, काँकरभिट्टा ।
■ संरक्षक : रामचन्द्र उप्रेती ■ प्रधान सम्पादक : ठाकुरप्रसाद सिवाकोटी ■ व्यवस्थापक : लक्ष्मीप्रसाद उप्रेती ■ सम्पर्क नं. ०२३-५६३१८८/५६२८४७ (प्रकाशन विभाग)

# सहकारी बचतको उत्पादनशील परिचालन

**१. सहकारी बचत परिचय:**

सहकारी संस्थाले सदस्यहरुको आर्थिक परनिर्भरताबाट मुक्ति दिलाउने अभियानलाई सफल बनाउनका लागि बिभिन्न किसिमका बचत संकलन गर्ने, उचित ब्याज दरमा ऋण दिने, बस्तु उत्पादनको लागि सामग्रीहरुको आपूर्ति, उत्पादित सामाग्रीहरुको प्रशोधन, उत्पादनको बजारीकरण र सदस्यहरुको आवश्यकताका आधारमा उपभोक्ता कारोवार मा संलग्न हुने गर्दछन् । बचत, सेयर र आन्तरिक पुँजी माध्यमबाट पुँजी संकलन गरी सदस्यहरुलाई उत्पादनमुलक, शैक्षिक, बैदेशिक रोजगारी तथा अनूत्पादनमुलक (सामाजिक र आकस्मिक) क्षेत्रमा ऋण लगानी गरिएका छन् । अन्य वित्तीय संस्थाहरुबाट थोक कर्जा लिई सदस्यहरुमा एउटा सीमासम्म लगानी गर्न सकिन्छ तापनि लागतको औषत मार्जिन कम भएमा त्यस्तो थोक कर्जा नलिनु राम्रो ठानिन्छ । यो स्वावलम्वन र सदस्यहरुको आर्थिक स्वतन्त्रताको अवधारणामा संचालित हुने हुँदा सहकारी संस्थाहरु सदस्यहरुको हक हितको लागि उनीहरुको स्वमित्व तथा नियन्त्रणमा संचालित हुन्छन् ।

**२. उत्पादनशील वित्तीय व्यवस्थापनको आवश्यकता :**

उत्पादनशील वित्तीय व्यवस्थापनमा संस्थाको बिनियममा उल्लेख गरिएको तथा संस्थाको रणनीतिक उद्देश्यहरुलाई मध्यनजर राखिनु पर्दछ । यो कार्य संस्थामा उपलब्ध कोषको परिचालन तथा प्रयोग गर्ने ज्ञान तथा शीप हो । सहकारी संस्थामा वित्तीय व्यवस्थापनको लक्ष्य सदस्यहरु जो संस्थाका मालिक तथा उपभोक्ता हुन्, उनीहरुको हितलाई मध्यनजर राखी कोषको प्रयोग भएको छ छैन एकिन गर्नु हो । यसलक्ष्य प्राप्तिको लागि कानुनी आधारशीला तथा सहकारिताको सिद्धान्तको आधार मा आर्थिक श्रोतहरुको योजना तर्जुमा अनुगमन तथा नियन्त्रण गर्नु महत्वपुर्ण हुनेछ ।

**३. सहकारी वित्तीय लगानी व्यवस्थापनका पक्षहरु:**

सहकारी वित्तीय व्यवस्थापनका निम्न पक्षहरु रहेका छन् :

- सहकारी संघ संस्थाको पुँजीको स्रोत तथा परिमाण
- सदस्यहरुको बार्षिक कर्जा मागको परिमाण संकलन
- सदस्यहरुको मागको प्राथमिकीकरण तथा योजना तयारी
- सहकारी वित्तिय लगानीबाट आउने प्रतिफल तथा सदस्य फाइदाको आँकलन
- आन्तरिक पुँजी नपुग हुने भएमा थोक कर्जाको व्यवस्था
- विश्लेषणहरुका आधारमा पुंजीको व्यवस्थापन निर्णय लिनु



**४. वित्तीय लगानीका लागि विश्लेषण कार्य:**

- बिगत बर्षहरुमा गएको लगानी र असुलीको प्रवृत्ति विश्लेषण
- बिभिन्न किसिमका कर्जा लगानी र असुली अनुपात विश्लेषण
- थोक कर्जा तथा बचत परिचालनबाट हूने आयगत अन्तर विश्लेषण
- सहकारी संस्थाले गरेको लगानीको पारविन्दु विश्लेषण
- वित्तीय योजना तथा बजेट तर्जुमा अनुसार प्रगतिको विश्लेषण

**५. सञ्चालकको जिम्मेवारी:**

सहकारी संस्थाका सदस्यहरुले संचालक समितिको चुनाव गरी उनीहरुलाई सदस्यहरुको हितको लागि सहकारीको स्रोतहरुको व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पेको हुन्छ । संचालक समितिले स्रोतहरुको उपयुक्त तथा नाफा योग्य ढंगबाट व्यवस्थापन गरी स्रोत व्यवस्थापन तथा आर्थिक नतिजाको बारेमा सदस्यहरुलाई प्रतिवेदन दिई आफ्नो जिम्मेवारीको पालना गर्नु पर्दछ । सहकारीको विकासका शुरुका दिनहरुमा सञ्चालक समितिले लेखा राख्ने आर्थिक विवरणहरु तयार पार्ने जस्ता सञ्चालन क्रियाकलापहरु समेत गर्नु पर्ने हुन्छ । तर जब सहकारी कुनै निश्चित आकारमा बढेपछि यस्ता क्रियाकलापहरु व्यवस्थापक, कर्मचारीहरुलाई जिम्मा लगाइन्छ र संचालक समिति योजना तर्जुमा नीति निर्माण जस्ता कार्यमा केन्द्रित रहन्छ । अर्थात् संचालक समिति संस्थाको वित्तीय कारोबारमा संलग्न नभई पुर्णरुपले मुक्त हुनु पर्दछ ।

**६. कोषको सञ्चालन :**

कोषको सञ्चालनका लागि सञ्चालक समितिको जिम्मेवारी निम्न हुनेछ :

- उपयुक्त लेखापालन, अनुगमन, प्रतिवेदन प्रणाली छ छैन हेर्ने
- नाफा आर्जन गर्न सक्ने गरी उपयुक्त ब्याज दर निर्धारण गर्ने
- घाटाहरु पूर्ति गर्नको लागि कोषको सृजना गर्नुपर्ने
- संस्थाको आर्थिक स्थितिको मुल्यांकन गरी व्यवस्थापनलाई निर्देशन दिने

**७. सहकारी संस्थामा प्राप्त हुने पुँजीका स्रोतहरु :**

**(क) सेयर**

सदस्यहरुले संस्थामा सेयर खरिद गरी आफ्नो लगानी गर्दछन् । सेयरको रकम विनियममा तोकिए अनुसार हुनेछ । कम्तिमा १ सेयर खरिद गरेपछि मात्र सदस्यहरुको संस्थामा अधिकार तथा जिम्मेवारी कायम हुन्छ । सहकारी संस्थाको हिस्साको मुल्य निश्चित हुन्छ र साधारणतया यसको किनबेच गरिदैन । सहकारी संस्थामा सदस्यहरुको सेयर पुँजी लामो समयको लगानी हो र सेयरबाट जम्मा भएको रकमको एक हिस्सा लामो अवधिको स्थिर सम्पत्तिहरु (घर, जग्गा, औंजार आदि) को खरिदमा प्रयोग गर्ने गरिन्छ ।

**(ख) बचत**

बचत तथा ऋण सहकारी संस्थामा सदस्यहरुलाई अनिवार्य बचत गर्न अनिवार्य गरिएको हुन्छ । सदस्य बचत रकम नै सहकारी संस्थाको कारोबारको लागि चाहिने पुँजीगत मुख्य श्रोत हो र यसबाट ऋण प्रदान गरिन्छ । सहकारी संस्थाहरु आफ्नो विनियममा तोके अनुसार आफ्नो सदस्यबाट बचत गर्दछन् र भुक्तानी तरिका र बचतको ब्याज फरक फरक हुन्छ । यस्तो बचतमा अनिवार्य बचत, ऐच्छिक बचत (साधारण बचत, नारी बचत, जेष्ठ नागरिक बचत, बिशेष बचत आदि) तथा आवधिक बचत (शिक्षा बचत, बिवाह बचत, व्यवसाय बचत, करोडपति बचत, लखपति बचत, उद्यमी बचत, बालबचत, आवधिक बचत, पेन्सन बचत, उपचार बचत आदि) बचत सञ्चालन गर्न सकिन्छ । सहकारी संस्थाले संचालन गर्ने आवधिक बचत निक्षेप योजनामा सदस्यहरुले तोकिएको अवधि (३ महिनादेखि ३ बर्ष) सम्म रकम जम्मा गर्न सक्छन् र त्यसमा तोकिएको ब्याज दिइन्छ । यसको फाइदा भनेको स्वीकार गरिएको बचत निक्षेप रकम तोकिएको अवधिसम्म संस्थामा रहने हुँदा संस्थाले पनि सोही अनुसार लगानी गर्न सक्ने निश्चिन्तता हुन्छ । यसको वेफाइदा भनेको यसमा तिर्नु ब्याज रकम नियमित भनिने मासिक वा दैनिक बचतमा दिइने ब्याजको रकमभन्दा बढी हुन्छ । स्मरणीय छ, अनिवार्य भनिने बचत नगर्ने सहकारी संस्थालाई समुदायमा तथा आवश्यकतामा आधारित सहकारी संस्थाको कोटीमा राख्न सकिदैन ।

प्रायः जसो ठूलो रकम सरकारी निकायबाट लिइएकोमा न्यून ब्याज लागत तथा बिभिन्न बैंकहरुसँग कारोबार गर्दा बढी लागत समेत हुनसक्ने लिइने सापटी तथा पाउने अनुदान सापटीको समयावधि छोटो हुनसक्ने, कहिलेकहीं तोकिएको ब्याज तिर्नु पर्ने,

**अनियमित तथा सानो रकम**

अनुदान कार्यक्रमसँग जोडिने र सापटी फिर्ता गर्नुपर्ने न्यून लागत ।

**(ग) वित्तीय संस्थाबाट प्राप्त हुने कोष :**

सहकारी संस्थाहरुले आफ्नो कोषको रकम वृद्धि गर्नुका साथसाथै सदस्यहरुको व्यवसायिक बिकासका लागि ठूलो लगानी गर्न बिभिन्न बैंक तथा बित्तीय संघ संस्थाबाट ऋण लिन सक्छन् । सम्भव भएसम्म सहकारी संस्थाले साधारणतया आफ्नो केन्द्रीय संघको अन्तर लगानीबाट वा केन्द्रीय वित्त सेवाबाट ऋण लिन्छन् । तिनीहरुले वाणिज्य तथा सरकारी बैंकहरुबाट पनि ऋण लिन सक्छन् । नेपाल राष्ट्र बैंकले ग्रामीण स्वावलम्बन कोषबाट सहकारी संस्थाहरुलाई ऋण प्रदान गर्दछ । सस्तो ब्याजदरमा पाइने यस्तो ऋणले संस्थाको कारोबार क्षेत्र बिस्तार गर्ने र लगानी गरी सदस्यको आयस्तर वृद्धिमा सहयोग पुग्दछ । तर सदस्यहरुको बचतबाट सहकारी संस्थाको पुँजी परिचालन गर्दा दिगोपना आउने भएकाले बचत संकलन योजनावद्ध रुपबाट अगाडि बढाउनु पर्दछ ।

**८. कारोबारबाट सृजना हुने कोष :**

आम्दानीबाट खर्च कटाई बाँकी रहेको बचत संस्थाका सदस्यहरुले संस्थामा पुन लगानी गर्ने निर्णय गर्न सक्छन् । यस्तो लगानी विभिन्न कोषहरुबाट वा अवितरित खुद बचतबाट गर्न सकिन्छ जुन सहकारी संस्थाको आन्तरिक पूँजी निर्माण अन्तर्गत पर्दछ । बिभिन्न संस्थागत कोषहरुको व्यवस्था गर्नाले भविष्यमा सहकारी संस्थाको दिगोपना तथा आत्मनिर्भर ताको लागि मद्दत पुऱ्याउछ । यस्ता कोषको रकमहरुमा जगेडा कोष, बिकास कोष, शिक्षा कोष, घाटापूर्ति कोष, डुबन्त ऋणकोष, स्थिरीकरणकोष आदि पर्दछन् ।

## सरसफाई अभियान







## बाल बचतकर्तालाई जन्मदिनमा उपहार





## मृतक परिवारलाई राहत



नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग

फोन नं. ४-४६५३६२, ४-४६११७७
फ्याक्स- ४-४६५५१७
E-mail: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

## सहकारी विभागको सूचना

१. सर्वसाधारण नागरिकहरुले सहकारी र बैंक एउटै होइन भन्ने बुझ्नु जरुरी छ । हरेक व्यक्तिले नियमानुसार सहकारीको सदस्यता प्राप्त नगरे सम्म सहकारी संस्थामा बचत संकलन गर्नु हुँदैन । सहकारी संस्थाहरुले सिद्धान्त, मूल्यमान्यता र प्रचलित कानून बमोजिम आ-आफ्नो विनियम अनुसार स्वीकृत कार्यक्षेत्र भित्र सदस्य केन्द्रित कारोबार गर्नुपर्ने हुन्छ ।

२. सहकारी संघसंस्थामा आफ्ना सदस्यहरु भन्दा बाहिर कारोबार गर्न, भ्रमपूर्ण विज्ञापन मार्फत सर्वसाधारणलाई आकर्षित गर्न र संस्थाको साइनबोर्डमा नेपाल सरकारबाट स्वीकृती/मान्यता प्राप्त भनी लेख्न, प्राथमिक पूँजिकोषको १० गुणा भन्दा बढी बचत कारोबार गर्न, एक जना सदस्यले कुल पूँजिकोषको १० प्रतिशत भन्दा बढी रकम ऋण लिन, एउटै परिवारको सदस्य वा एउटै व्यक्ति संचालक समिति, लेखा समितिको सदस्य हुन, एकै प्रकृतिको एक भन्दा बढी संस्थामा सदस्य बन्न र एउटै व्यक्ति एक भन्दा बढी संस्थाको पदाधिकारीमा बस्न पाइदैन ।

३. सहकारी संस्थाका प्रत्येक सदस्य तथा पदाधिकारीहरुले व्यक्तिगत रुपमा संस्थामा नियमित बचत गर्ने र संस्थाको हरेक गतिविधि र काम कारवाहीमा सहभागि भई जिम्मेवारी वहन गर्नुपर्दछ ।

४. लेखापरीक्षकको पारिश्रमिक र पदाधिकारीहरुको भत्ता तथा अन्य सुविधा साधारणसभाबाट पारित गराएर मात्र खर्च गर्नु पर्नेछ ।

५. संस्थागत निरन्तरता र नियमितताको लागि सहकारी संघसंस्थाले अनिवार्य रुपमा वार्षिक साधारणसभा र लेखापरीक्षण गराउनु पर्दछ । लामो समय सम्म वार्षिक साधारणसभा र लेखापरीक्षण नगराउने निष्कृय संस्थाहरुको दर्ता खारेजी गराउन सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुलाई निर्देशन गरिन्छ ।

६. संस्थाका पदाधिकारीहरु नियमनकारी निकाय र सदस्यहरु प्रति उत्तरदायी हुनु पर्दछ । संघसंस्थाको संचालक समिति, लेखा समिति तथा अन्य उपसमितिको बैठक नियमित रुपमा बस्ने र महत्वपूर्ण निर्णयको माइन्युटको प्रमाणित अभिलेख उपस्थित पदाधिकारीहरुको हस्ताक्षर सहित सुरक्षित रुपमा राख्नु पर्नेछ ।

७. उत्पादन, प्रशोधन र वितरणको उद्धेश्य सहित ठूलो कार्यक्षेत्र राखी दर्ता भएका केही कृषि तथा बहुउद्धेश्यीय सहकारी संस्थाहरुले स्वीकृत विनियममा भएको प्रावधान विपरित हुने गरी बचत तथा ऋणको कारोवार गर्ने गरेको र खारेजीमा परेका केही सहकारी संस्थाहरुले समेत कारोवार यथावत संचालन गरेको भन्ने बुझिन आएको हुदा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुले कडाईका साथ अनुगमन गरी यस्तो कार्य तत्काल बन्द गर्नु गराउनु हुन निर्देशन गरिन्छ ।

८. सहकारी संघसंस्थाको माध्यमवाट अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दै रोजगारी सृजना, उत्पादन तथा आयआर्जन बृद्धि र गरिबी न्यूनीकरणमा टेवा पुर्याउने उद्येश्य अनुरुप समान प्रकृतिका संस्थाहरुको एकीकरण गरी सवल र सक्षम सहकारी उद्यमको निर्माण गर्न सबै सरोकारवालाहरुको ध्यान आकर्षण गराइन्छ ।

९. सहकारी मूल्यमान्यता, सिद्धान्त, प्रचलित कानून, विभागीय निर्देशन, परिपत्र र मापदण्डको पालना र कार्यान्वयन नगर्ने सहकारी संघसंस्थालाई प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

१०. सहकारी संघसंस्थाको स्वीकृत विनियममा उल्लेख नभएका कामहरु गर्न गराउन पाइनेछैन । तर साधारण सभाबाट विनियम संशोधन गरी संबन्धित सहकारी कार्यालयबाट स्वीकृत भए पछि नयाँ काम गर्न सकिनेछ ।

**रजिष्ट्रार**

# स्वास्थ्य र भान्सा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

**बिर्तामोड** । नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) को विषयगत उपसमिति महिला सशक्तिकारण उपसमितिको आयोजनामा मिति ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर एक दिने स्वास्थ्य र भान्सा विषयक कार्यक्रम सम्पन्न भएको छ । उपसमितिका संयोजक हेमा सिटौलाले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा सदस्य कविता पौडेलले शाब्दिक स्वागत गर्नुभएको थियो । कनकाई बहुमुखी क्याम्पसको सभाहलमा सम्पन्न कार्यक्रममा संस्था अन्तर्गत विभिन्न समितिमा रहनुहुने महिला पदाधिकारी तथा कनकाई रुवा क्षेत्रअन्तर्गतका कर्मचारी तथा बजार प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा स्वस्थ भान्सा तथा स्वास्थ्य जीवनशैली सम्बन्धी विषयमा सहजकर्ता गंगा प्रसाद ढकालले सहजीकरण गर्दै संस्थाले तय गरेको 'असल संस्कार र समृद्धिका लागि एनएमसी' को मूल नारालाई सार्थक बनाउन आफ्नो जीवनशैलीलाई परिवर्तन गर्न सुझाव दिनुभएको थियो । कार्यक्रम अवधिभर सहजकर्ताले रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु उत्तम हुने भन्दै हामीले भोजनमा के के खानेकुरा खाने कुन समयमा के खाने कसरी खाने भन्ने विषयमा जानकारी गराउँदै हाम्रो भान्सा हाम्रो औषधलय हो भन्ने विषयको चर्चा गर्नुभएको थियो ।

**तपाईंको वर्तमानको आवश्यकता र भविष्यको सुरक्षाका लागि एनएमसीमा हार्दिक स्वागत छ ।**

# बजेट २०७९/०८० मा सहकारी




## सहकारीलाई अधिकतम् ५% ब्याजदरमा सहुलियत कर्जा

सरकारले निश्चित सहकारी संस्थालाई अधिकतम् ५ प्रतिशत ब्याजदरमा सहुलियत कर्जा उपलब्ध गराउने भएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्दै भूमिहिन दलित, सुकुम्बासी, राउटे, बनकरिया, मुसहर र डोम समुदायमार्फत सञ्चालित सहकारीलाई अधिकतम् ५ प्रतिशत ब्याजदरमा सहुलियतमा कर्जा दिईने घोषणा गरेको हो ।

त्यस्ता सहकारीमार्फत कृषि, पशुपालन, तरकारी खेती, ग्रामिण उद्यम व्यवसाय सञ्चालनको अधिकतम् प्रतिशत ब्याजदरमा सहुलियत कर्जा उपलब्ध गराउने घोषणा गरेको हो ।

## सहकारीमा लाग्ने आयकर बढ्यो

सरकारले सहकारीलाई लाग्ने आयकर बढाएको छ । आर्थिक वर्ष २०७७/०७८ मा घटेको आयकर पुनः बढेको छ । सरकारले नगरपालिका क्षेत्र भित्र सञ्चालित सहकारीलाई ७ दशमलप ५ प्रतिशत, उप-महानगरपालिकामा १० प्रतिशत र महानगरपालिकामा १५ प्रतिशत आयकर लाग्ने व्यवस्था गरेको छ । सरकारले गाउँपालिकामा सञ्चालित सबै किसिमका सहकारीलाई आयकर पूर्ण रूपमा छुट दिएको छ ।

यस अघि तत्कालिन अर्थमन्त्री डा. युवराज खतिवडाले आर्थिक वर्ष २०७७/०७८ को बजेटमार्फत सहकारी क्षेत्रलाई लाग्ने आयकर घटाएर ५, ७ र १० प्रतिशत कायम गर्नुभएको थियो । यस अघि सहकारीलाई २० प्रतिशत कर लाग्ने व्यवस्था थियो । तत्कालिन अर्थमन्त्रीले कर घटाएसँगै सहकारीकर्मीले स्वागत समेत गरेका थिए ।

सहकारी ऐन २०७४ मा महानगर मा संचालित बचत तथा ऋण सहकारीहरूलाई १०, उपमहानगरपालिकामा ७ र नगरपालिकामा ५ प्रतिशत आयकर लाग्ने व्यवस्था छ ।

UMAF
NMC Unified Model Agriculture Farm
SINCE: 2018



nmc for good culture & prosperity
NMC coop

एनएमसी एकीकृत नमुना कृषि फर्म
मेचीनगर-१४, दुहागढी, झापा